धनगढी उप महानगरपालिका

# स्थानीय राजपत्र


खण्ड: ४ | संख्या: २६ | मिति: २०७७/११/२१


## भाग-१

धनगढी उप महानगरपालिका

## धनगढी उप- महानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ पहिलो संशोधन

नगरसभाबाट स्वीकृत मिति: २०७७।११।२१

राजपत्रमा प्रकाशन मिति: २०७७।११।२३


धनगढी उप-महानगरपालिका राजपत्र

| **हालको व्यवस्था** | **संशोधित प्रावधान** | **संशोधन गर्नु पर्ने कारण** |
|---|---|---|
| उप- महानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ | न्यायिक समिति ऐन, २०७४ | ऐनमा कार्यविधि सम्बन्धी व्यवस्था लेख्न आवश्यक नभएकोले |
| प्रस्तावनामा किनारा शब्द रहेका | निरुपण | ऐनमा निरुपण भन्ने शब्द रहेका |
| प्रस्तावनामा... कायम गरी भन्ने शब्दहरु पछि थप गर्ने | शीघ्र एवं छिटोछरितो न्याय प्रदान गर्दै | सो शब्दहरु उल्लेख नभएको |
| प्रस्तावनामा ... संघिय कानूनमा | कानुनका अतिरिक्त | भाषिक अष्पटता भएकोल |
| २ परिभाषा खण्डमा थप गर्नुपर्ने र शिलशिला मिलानु पर्ने शब्दहरु दफा (२) को खण्ड ख पछि देहायका शब्दहरु समावेश गर्ने<br><br>"वादी"<br>"प्रतिवादी" | शिलशिला मिलाउनु पर्ने<br><br>पहिलो पक्ष<br>दोश्रो पक्ष | शिलशिला नमिलेको र समसामयिक सुधार गर्नुपर्ने भएकोल |
| "समिति" भन्नाले महानगरपालिको न्यायिक समिति सम्झनु पदर्छ । | न्यायिक समिति | नभएकोले राख्नु पर्ने |
| "संयोजक" भन्नाले उप-महानगरपालिकाको उपप्रमुख सम्झनु पर्नेछ । | संयोजक | नभएकोले राख्नु पर्ने |
| "सदस्य"भन्नाले उप-महानगरपालिकाको न्यायिक | सदस्य | नभएकोले राख्नु पर्ने |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| समितिको सदस्य सम्झनु पर्दछ । | | |
| “मेलमिलाप केन्द्र” भन्नाले उप-महानगरपालिकामा रेहेको मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्र समेतलाई सम्झनु पर्दछ । | मेलमिलाप केन्द | नभएकोले राख्नु पर्ने |
| न्यायिक समिति ऐन | न्यायिक समिति कार्यविधि ऐन २०७४ | किटानी व्यवस्था नभएकाले |
| “मेलमिलापकर्ता” भन्नाले धनगढी उप-महानगरपालिकामा सूचिकृत मेलमिलापकर्ता सम्झनु पर्दछ | मेलमिलापकर्ता भन्नाले धनगढी उप- महानगरपालिकामा सूचिकृत मेलमिलापकर्ता सम्झनु पर्दछ । | हालको ऐनमा सो व्यवस्था नभएकाले थप गर्नु पर्ने । |
| “निरुपण” भन्नाले न्यायिक समितिले गरेको निर्णय समेतलाई सम्झनु पर्छ दफा २ को खण्ड (र) “उजुरी प्रशासक” भन्नाले न्यायिक समितिको कार्य गर्न तोकिएको प्रशासनिक अधिकारीलाई जनाउँदछ । | “निरुपण” भन्नाले न्यायिक समितिले गरेको निर्णय समेतलाई सम्झनु पर्छ दफा २ को खण्ड (र) “उजुरी प्रशासक” भन्नाले पछि देहायको वाक्य थप गर्ने:- न्यायिक समितिमा दर्ता हुने उजुरी जाँचबुझ तथा दर्ता र दफा ३४ बमोजिम कार्य गर्ने अधिकारीलाई जनाउँछ । | स्थानीय सरकार संचालन ऐन २०७४ मा निरुपण शब्द उल्लेख गरिएको हुँदा राख्नु पर्ने भएकोले हाल भै रहेको ऐनमा सो व्यवस्था नभएकोले |
| दफा ३ मा भएको व्यवस्थालाई दफा ३ को उपदफा (१) कायम गरी देहायको व्यवस्था उपदफा (२) थप गर्ने : स्थानीय सरकार | उपदफा (२) थप गर्ने : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१), (२) वमोजिमको अधिकार | हाल भै रहेको ऐनमा सो व्यवस्था नभएकोल |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| संचालन ऐन २०७४ को दफा ४७ (१), (२) बमोजिमको अधिकार | | |
| परिच्छेद दुई<br>क्रम मिलाउनु पर्ने<br>३ उजुरीमा निर्णय सम्बन्धी काम<br>४ निर्णय सम्बन्धी बाहेक अन्य काम<br>५ यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने<br>६ समितिले हेर्ने<br>७ समितिको क्षेत्राधिकार | शलशिला मिलाउनु पर्ने<br>३ समितिले हेर्ने<br>४ समितिको क्षेत्राधिकार<br>५ उजुरीमा निर्णय सम्बन्धी काम<br>६ निर्णय सम्बन्धी बाहेक अन्य काम<br>७ यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने | शिलशिला नमिलेकोल |
| परिच्छेद ३<br>दफा ८ उजुरी दर्ता गर्नेः- (१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोमिजम हकदैया पुगेको व्यक्ति/संस्था/समितिको तोकिएको शाखा समक्ष उजुरी दर्ता गर्न सक्नेछ। | परिच्छेद ३<br>दफा ८ उजुरी जाँचबुझ र दर्ता गर्नेः- (१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोमिजम हकदैया पुगेको व्यक्तिले उजुरी प्रशासक समक्ष उजुरी दर्ता गर्न सक्नेछ। | उजुरी “जाँच” भन्ने शव्द थप गरी सुधार गर्नुपर्ने भएकाले |
| दफा १७ को “लिखतमा” | दफा १७ को “लिखतमा” भन्ने शब्दको सट्टा “उजुरीमा” शब्द राख्ने | ऐनमा भएको भाषालाई समायोजन गर्नुपर्ने भएकोले |
| दफा ३५ को “प्रमाण सुनाउन सक्ने” | दफा ३५ को “प्रमाण सुनाउन” भन्ने शब्दको सट्टा “प्रमाण | किटानी व्यवस्था गनुपर्ने भएकोले |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| | सुनाई बयान गराउने" शब्द राख्ने | |
| परिच्छेद ६ पछि रहेको "निर्णय र अन्य आदेश" | परिच्छेद ६ पछि रहेको "निर्णय र अन्य आदेश" भन्ने शब्दको सट्टा "निर्णय, निरुपण र अन्य आदेश" शब्द राख्ने | ऐनमा भएको भाषालाई समायोजन गर्नुपर्ने भएकोले |
| दफा ७१ को "मेलमिलाप दस्तुर" "वढीमा रु ५००-५००/-" | दफा ७१ को "मेलमिलाप दस्तुर" भन्ने शब्दको सट्टा "मेलमिलाप प्रोत्साहन रकम" भन्ने शब्द राख्ने "... बढीमा रु १०००/-" | सुधार गर्नुपर्ने भएकोले |
| दफा ७१ (क) खण्ड राख्नुपर्ने | (क) न्यायिक समितिले यस उप-महानगरपालिकामा सूचिकृत गरेका मेलमिलापकर्ताद्धारा विवाद निरुपण गरे वापत प्रत्येक मेलमिलापकर्तालाई प्रति विवाद वापत प्रोत्साहन रकम रु १००० र सो विवादको संयोजकलाई सञ्चार वापत थप रकम रु ३०० धनगढी उपमहानगरपालिकाले प्रदान गर्नेछ। | साविकमा नभएकोले राख्नुपर्ने भएको हुँदा मेलमिलापकर्तालाई प्रोत्साहन गर्नुपर्ने भएकोले |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | |
|---|---|---|
| दफा ९३ नियम बनाउने अधिकार | दफा ९३ मा रहेको “नियम” भन्ने शब्दको पछि कार्यविधि भन्ने शब्द थप गर्ने | कार्यविधि थप गर्नुपर्ने भएकोल |

**नोटः** दफा ७१ (क) मा उल्लेखित प्रोत्साहन रकम सुविधा र संयोजकलाई सञ्चार खर्च आ.व.२०७७०७८ को साउन १ (२०७७।०४।०१) गते देखि नै पाउने छन् ।

**आज्ञाले,**

..........................

**हरि बहादुर चन्द**

**प्रमुख प्रशासकिय अधिकृत**

**धनगढी उप महानगरपालीका**

धनगढी उप-महानगरपालिका राजपत्र